गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल

पोखरा, कास्की, नेपाल

# पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/१५**

स्वास्थ्य मन्त्रालय मातहत प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, कास्कीमा स्वास्थ्य सेवा प्रवाह निरन्तरताको साथै डायलायसिस सेवा सञ्चालनको लागि तपसिलका पदहरुमा गण्डकी प्रदेश "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम चालु आ.व. २०८१/०८२ को आषाढ मसान्तसम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपशिलः**

| क्र.सं | विज्ञापन नं. | पद | तह | न्युनतम शैक्षिक योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | ७/०८१-८२ | कन्सल्टेन्ट नेफ्रोलोजिष्ट | नवौं | नेफ्रोलोजी विषयमा स्नातकोत्तर तह उर्त्तिण वा डि.एम. वा फेलोसिप हासिल गरेको | १ |
| २ | ८/०८१-८२ | स्टाफ नर्स | पाँचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उर्त्तिण | ५ |
| ३ | ९/०८१-८२ | रेडियोग्राफर | पाँचौं | रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उर्त्तिण | १ |
| ४ | १०/०८१-८२ | बायोमेडिकल टेक्निसियन | पाँचौं | आई. एस्सी. वा विज्ञान विषय लिई १२ कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तिमा एक बर्षको तालिम वा बायोमेडिकल ईन्जिनियरिङमा प्रमाणपत्र तह उर्त्तिण | १ |

**नोटः**

१. **दरखास्त फारामः** यस मन्त्रालयको वेभसाईट mohp.gandaki.gov.np मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरु सहित प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, पोखरा-३०, लेखनाथ-०६१-५६४३६६, कास्कीमा दरखास्त पेश गर्नुपर्ने छ ।

२. **दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः**

क. उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, म्याद कामय रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्वन्धी प्रमाण पत्रको प्रतिलिपी ।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

ग. दरखास्त दिने अन्तिम दिन भित्र माथि २.क. मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्ने छ । साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ । रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिने छैन ।

३. **काम गर्नुपर्ने स्थानः** प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, कास्की ।

४. **दरखास्त दस्तुरः** नवौं तहको लागि रु. १२००।- (बाह्र सय), र पाचौं तहको लागि रु. ५००।- (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ । (नोटः दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारामसाथ पेश गर्नुपर्ने छ ।)

**क. कार्यालयको नामः** प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, पोखरा ।

**ख. कार्यालयको कोड नं.** : ३५०१२३९०१४

**ग. राजश्व शीर्षक नं.** : १४२२४ (परीक्षा शुल्क)

**घ. बैंक खाता नं** : १०००१००२०००१०००० (सम्वन्धित जिल्लाको सरकारी कारोवार गर्नेः- राष्ट्रिय बाणिज्य बैंक)

**ङ. बैंक खाता नं** : २७३०२००००००१००१००००००१ (सम्वन्धित जिल्लाको सरकारी कारोवार गर्नेः- नेपाल बैंक लिमिटेड)

५. **दरखास्त दिने अन्तिम मितिः** २०८१/१२/०१ गते शुक्रवार कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टसम्म हुनेछ ।

६. **परीक्षाको किसिमः** अन्तरवार्ता, अन्तर्वार्ता तालिका मन्त्रालयको वेभसाइट (mohp.gandaki.gov.np) मा प्रकाशन गरिनेछ

७. **तलवः** प्रचलित कानून बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल मात्र उपलब्ध हुनेछ ।

८. **अवधिः** चालु आ.व. २०८१/०८२ को आषाढ मसान्तसम्म ।

९. **उम्मेदवार हुनको लागि योग्यताः**

क. नेपाली नागरिक हुनुपर्ने छ ।

ख. उमेरको हकमा ४५ वर्ष ननाघेको हुनुपर्ने छ ।

ग. भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्ने छ ।

घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्ने छ ।

१०. अन्य विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेभसाइट mohp.gandaki.gov.np मा हेर्नु हुन अनुरोध छ ।

*पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति*

Scanned with CamScanner